# बालविवाह र नेपालको कानूनी व्यवस्था



# बालविवाह भनेको के हो ?

- कानूनद्वारा तोकिएको उमेर भन्दा कम उमेरमा गरिएको विवाह बालविवाह हो ।
- नेपालको कानून अनुसार विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले पनि कसैको विवाह गर्नु गराउनु हुँदैन । (मुलुकी अपराध संहिता २०७४)




❛ २० वर्ष नपुगी विवाह गर्नु गराउनु गैरकानुनी हो ।
बालविवाह कानूनी र सामाजिक दुबै अपराध हो ।
यस्तो विवाह गर्ने तथा गराउने दुबैलाई
कानून बमोजिम सजाय हुन्छ । ❜

## बालविवाह किन गर्नु गराउनु हुँदैन ?

- बालअधिकारको हनन् हुन्छ,
- किशोरी गर्भवती हुँदा आमा र बच्चा दुबैलाई गम्भीर स्वास्थ्य समस्या हुन सक्छ,
- किशोरी गर्भवती हुँदा आमा र बच्चा दुबैको मृत्यु हुन सक्छ,
- बालिकाहरूमा फिस्टुला, पाठेघर खस्ने लगायतका गम्भीर स्वास्थ्य समस्या हुन सक्छ,
- शिक्षा, रोजगारी लगायत विभिन्न अवसरहरुबाट वञ्चित हुन सक्छ,
- पारिवारिक, आर्थिक, सामाजिक परनिर्भरता बढ्ने हुन्छ,
- परिवार तथा समाजमा असमान शक्ति सम्बन्ध हुन सक्छ,
- घरेलु हिंसा र दुर्व्यवहारको जोखिम बढ्न सक्छ,
- मनोसामाजिक समस्याको उच्च जोखिम हुन सक्छ ।



## बालविवाह गरे वा गराएमा के असर हुन्छ ?

**विवाह गर्ने उमेर नपुगी विवाह गर्दा बालबालिकामा विभिन्न किसिमका शारीरिक तथा मानसिक असर पर्छ ।**



*उमेर नपुगी विवाह गर्दा बालबालिकामा शारीरिक तथा मनोसामाजिक समस्या आई उनीहरुको समग्र विकासमा रोकावट आउन सक्छ ।*

*बालविवाहका कारण विशेष गरी बालिकाहरुलाई चिडचिडाहट र झर्को महसुस भई आफुलाई एकान्तमा राख्न चाहने हुन्छन् । जसका कारण उनीहरुको वृद्धि विकासमा रोकावट आउँछ ।*



“ बालविवाहले बालबालिकाको समग्र विकासमा रोकावट आउन सक्छ । जसका कारणले बालबालिका लगायत उनीहरूको परिवार, समाज र राष्ट्रलाई नै नकारात्मक असर पर्छ । ”

# कलिलो उमेरमा गर्भवती भएमा कस्तो जोखिम हुन सक्छ ?



*उमेर नपुगी गर्भधारण गरिछौ, अब बच्चा पो कस्तो जन्मिने हो ? नानी, उमेर नपुगी बच्चा जन्माउँदा त  बच्चा र आमा दुवैको स्वास्थ्यमा गंभीर समस्या आई ज्यान पनि जान सक्ने हुन्छ नि । यस्तो कुरामा पहिले नै होस् पुऱ्याउनु पर्थ्यो...*

*बालविवाह तथा प्रजनन् स्वास्थ्यको अज्ञानताले सानै उमेरमा गर्भधारण गर्दा बच्चा अपाङ्गता हुने सम्भावना बढी हुन्छ । उमेर नपुगी बच्चा जन्माउने निर्णयले बच्चा तथा परिवार दुवैलाई जोखिम हुन सक्छ ।*






*हामी र हाम्रो बच्चा त जीवन भरी दुःखी हुने नै भयौ, गाँउलेले समेत कुरा काटेर हैरान बनाइसके । परिवारले गर्दा मैले सबै लाञ्छना सहनु पऱ्यो ।*

# बालविवाह भएको, गरेको वा गराएको पाएमा के गर्ने ?




*यी दुलहीको विवाह गर्ने उमेर पुग्या रहेनछ । हामी यस्तो बालविवाहमा संलग्न हुँदैनौं, तिमीहरू पनि यो विवाह नगर...। यो दण्डनीय कार्य हो । यो विवाहको साक्षि हामी हुन सक्दैनौ ।*

*बालविवाह हुन लागेको, भए, गरे, गराएको देखेमा, सुनेमा वा जानकारी पाएमा जो सुकैले पनि थाहा पाएको मितिले ३ महिना भित्र नजिकको प्रहरी कार्यालयमा उजुरी दिन सकिन्छ ।*







*बालविवाहको उजुरी गाँउपालिका वा नगरपालिकामा भएको न्यायिक समितिमा गर्ने होइन, यस्तो विवाहको दर्ता गैरकानूनी भएकाले तुरून्त नजिकको प्रहरीलाई खवर गर्नु पर्छ ।*




*कानूनतः बालविवाह स्वतः बदर हुन्छ । यदि कसैले बालविवाहलाई स्थानीय वडा कार्यालय/ स्थानीय तहमा गई विवाह दर्ता गराउन खोजेमा तुरुन्त सम्बन्धित निकायमा उजुरी दिनु पर्दछ ।*

*बालविवाह विरुद्ध उजुरी परेमा प्रहरीले तुरुन्त त्यसको लागि कानूनी कारवाही सुरु गर्नु पर्दछ ।*




“बालविवाहको विरुद्धमा बोल्नु र त्यसको प्रतिकार गर्नु भनेको बालअधिकारको सुनिश्चित गर्नु हो । बालविवाहको विरुद्धमा डटेर आवाज उठाउनु हामी सबैको कर्तव्य हो ।”

## बालविवाह सम्बन्धी नेपालको कानूनी व्यवस्था कस्तो छ ?

| मुलुकी अपराध (संहिता) ऐन, २०७४ | |
|---|---|
| **व्यवस्था** | **सजाय/जरिवाना** |
| विवाह गर्ने व्यक्तिको उमेर बीस (२०) वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन । | यस्तो कानून विपरितको विवाह स्वतः बदर हुनेछ । |
| | यस्तो कसूर गर्ने व्यक्तिलाई तीन (३) वर्ष सम्म कैद वा ३,०००। रुपैयाँ सम्म जरिवाना हुनेछ । |
| विवाह गर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई कानूनतः मञ्जुरी मानिदैन । | |

**कानूनले तोकेको उमेर भन्दा पहिले विवाह गरे वा गराएमा त्यस्तो व्यक्ति कानूनतः दण्डित हुनेछ ।**

## बालविवाह विरुद्धको उजुरी गर्ने प्रक्रिया र निकाय के र कँहा हो ?

- आफुसँग भएसम्मको प्रमाण पुग्ने कागजात वा सूचना सहित नजिकको प्रहरी कार्यालयमा गई कानूनले तोके अनुसार उजुरी दरखास्त दिने,
- आफूले देखे जानेसम्मको सबुद प्रमाण खुलाई बालविवाहको विरुद्धमा उजुरी वा जानकारी लिखित रुपमा वा मौखिक सूचना वा इमेल वा एसएमएस मार्फत नजिकको प्रहरी कार्यालयमा दिने,

## बालविवाह विरुद्धको उजुरी प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा के गर्ने ?

- बालविवाह विरुद्धको उजुरी/जाहेरी दरखास्त दर्ता गर्न इन्कार गरेमा उक्त प्रहरी कार्यालयको माथिल्लो प्रहरी कार्यालय वा जिल्ला सरकारी वकिल कार्यालयमा उजुर गर्न सक्नेछ । (मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४, परिच्छेद २, दफा ५)
- प्रहरी कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय वा प्रहरीको माथिल्लो तहको प्रहरी कार्यालयले उजुरी लिन नमानेमा उजुरीको सबै व्यहोरा खुलाएर प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन पेस गर्न सकिन्छ । (मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४, परिच्छेद २, दफा ५(उपदफा ४)) ।

## बालविवाह विरुद्ध उजुरी गर्ने हद म्याद कहिले सम्म हुन्छ ?

- बालविवाह सम्बन्धी कसूरको उजुरी कसूर भए गरेको थाहा पाएको मितिले तीन महिना भित्र गर्नु पर्दछ । (मुलुकी अपराध (संहिता) ऐन, २०७४, परिच्छेद-७, दफा १७६)

## बालविवाहको रोकथाम तथा नियन्त्रणमा नागरिक तथा नागरिक समाजले के गर्ने ?



- बालविवाह हुन लागेको देखेमा वा थाहा पाएमा तुरुन्त प्रहरी कार्यालयमा उजुरी गर्नु पर्दछ ।
- बालविवाहसँग सम्बन्धित सामाजिक कार्य जस्तैः जन्ती, भोज वा अन्य कुनै पनि कार्यक्रममा सहभागी नहुने र अरुलाई पनि सहभागी नहुन प्रोत्साहन गर्ने ।
- घरपरिवार, समुदाय, समाजमा सहमति विपरित वा उमेर नपुगी विवाहको बारेमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- स्थानीय तहलाई यस किसिमका अपराध रोकथामका लागि जिम्मेवार र जवाफदेही बनाउन पैरवीमूलक कार्यक्रम सञ्चालन गर्ने ।
- बालविवाह तथा सहमति विपरितको विवाह रोकथामका लागि नेपाल प्रहरी लगायत सम्बन्धित निकायहरुमा खवर गर्ने ।

UNHCR
The UN Refugee Agency
Nepal

LWF

WOREC